**नेपाल सरकार**

**स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय**

**स्वास्थ्य सेवा विभाग**

**व्यवस्थापन महाशाखा**

**टेकु, काठमाण्डौ**

**सुरक्षा गार्डको सेवा करारमा लिने सम्बन्धि विद्युतिय प्रस्ताव आव्हान**

DOHS/NS-NCB- 01/2083-84

(Procurement of Security Service)

प्रकाशित मितिः २०८३/०३/०३

१. स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा तथा केन्द्रिय स्टोर पथलैयाको लागि सम्झौता भएको मितिले १ बर्षसम्मको लागि देहाय बमोजिमको सेवा आवश्यक भई सेवा करारमा लिनुपर्ने भएकोले सो कार्यको लागि इजाजत प्राप्त योग्य तथा इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट रीतपूर्वकको प्रस्ताव आव्हान गरिएको छ ।

सुरक्षा गार्ड संख्याः स्वा.से.वि. टेकुको लागि ६ जना तथा केन्द्रिय स्टोर पथलैयाको लागि ३ जना गरि जम्मा ९ (१ जना कमाण्डर सहित)जना

आवश्यक सेवा अवधिः शुरुमा सम्झौता भएको मितिले १ बर्ष (सुरुको सेवा अवधि असार मसान्त सम्मको हुने र बाकी अवधी थप गर्न सकिने) (सेवा सन्तोषजनक रहेमा एक वर्ष म्याद थप गर्न सकिने)

२. प्रस्ताव फारम **सार्वजनिक खरीद अनुगमन कार्यालयको वेवसाइट www/bolpatra.gov.np/egp बाट डाउनलोड गर्न सकिने छ** तथा यस सम्बन्धि थप जानकारी कार्यालय समयभित्र **स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकु** बाट प्राप्त गर्न सकिनेछ ।

३. प्रस्ताव सम्बन्धी कागजात **सार्वजनिक खरीद अनुगमन कार्यालयको www/bolpatra.gov.np/egp** बाट डाउनलोड गरी रु. ३,०००।- दस्तुर **राष्ट्रिय वाणिज्य वैंक, टेकु शाखाको राजस्व खाता नं. १४२२९, कार्यालय कोड नं. ३७०-०१३–५०१, खाता नं. १०००१००२०००१००००** मा बुझाएर बैंक भौचर संलग्न राखी बोलपत्र कागजात पेश गर्न सकिनेछ ।

४. खरीद भएको प्रस्तावको कागजात **२०८३/०३/२४** गते मध्यान्न १:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी **सार्वजनिक खरीद अनुगमन कार्यालयको www/bolpatra.gov.np/egp** मार्फत यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

५. प्रस्तावको मान्य अवधि प्रस्ताव खोलिने दिनवाट ९० दिनको हुनु पर्नेछ र प्रस्ताव साथ कम्तिमा **रु. ५५,०००/-** बराबरको जमानत वापत नगद जमानि वा सो रकम बराबर प्रस्ताव खोलिने मितिबाट कम्तिमा १२० दिन (**२०८३/७/१९ सम्म**) म्याद भएको जमानत दिनलाई इजाजत प्राप्त नेपालको कुनै पनि वित्तिय सस्था बाट यस कार्यालयको पक्षमा जारी भएको ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

६. दर्ता भएका प्रस्ताव **२०८३/०३/२४**गते दिउंसो १:१० बजे प्रस्तावदाता वा निजका प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । प्रस्तावदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन ।

७. प्रस्ताव खरीद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८. प्रस्ताव स्वीकृत भएपछि ठेक्का सम्झौता गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को उपनियम ११० बमोजिम घटीमा १२ महिना म्याद भएको नेपालको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको कार्य सम्पादन जमानतपत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।

९. एक फर्मको नाममा खरीद गरिएको प्रस्ताव फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।